जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३१ अंक १२६ २०७८ साल मंसिर २८ गते मंगलबार (14 Dec. 2021 Tuesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : सरोकारवाला भन्छन् : खपत बढ्दै.. ३ पृष्ठमा : संसदको हिंउदे अधिवेशन : ... ३ पृष्ठमाः माउदी सेनाद्वारा यमनमा ...

## राजविराजमा प्रदेश २ कृषि विश्वविद्यालयको कार्यालय उद्घाटन

# गरिबी र बेरोजगारी समस्या हटाउनुका साथै जनशक्ती उत्पादनका लागि कृषि विश्वविद्यालय : अध्यक्ष यादव




**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादवले प्रदेश २ का जनता कृषिमै निर्भर रहेकाले दक्ष जनशक्ति उत्पादनका साथ साथै कृषिमा आधुनिकीकरण गर्नुपर्नेमा जोड दिएका छन् ।

सप्तरी सदरमुकाम राजविराजमा सोमबार एक कार्यक्रमबीच प्रदेश २ कृषि विश्वविद्यालयको कार्यालय उद्घाटन गर्दै उनले सो कुरामा जोड दिएका हुन् ।

पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले कृषि क्षेत्रको आधुनिकीकरण एवं भुमिको व्यवस्थापनले गरिबी र बेरोजगारी समस्या हटाउनु सँगै जनशक्ती उत्पादन कृषि विश्वविद्यालयको लक्ष्य रहेको बताए ।

भारतको निर्मलीदेखी न्योरहुँदै सप्तरीको छिन्नमस्ता, राजविराज, गाइघाट-सोलु जोड्ने सडक विस्तार गर्ने आफ्नो महत्वपूर्ण योजना रहेको भन्दै अध्यक्ष यादवले यसले दिल्ली टु चाइना मालसामान ढुवानी गर्न सकिने उल्लेख गरे ।

सो उद्घाटन कार्यक्रममा कृषि विश्वविद्यालयका कुलपति समेत रहेका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले दक्ष जनशक्ति उत्पादन नभएसम्म प्रदेश र देशको विकास हुन नसक्ने बताए । प्राविधिक शिक्षा प्रदान गर्ने सीटीईभीटी प्रदेश मातहतमा राखिनुपर्नेमा उनको भनाई थियो ।

विना सीप जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेकाले प्राविधिक शिक्षा सम्बन्धी बोर्ड प्रदेश सरकारले गठन गर्न लागेको उनले जानकारी दिए । प्राविधिक शिक्षामा प्रदेश सरकारले जोड दिदै आएको बताउदै दक्ष जनशक्ति उत्पादन गरेर आत्मनिर्भर एवं रोजगारमूलक प्रदेश बनाउने उनले प्रतिबद्धता जनाए ।

कार्यक्रममा प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले विश्वविद्यालयका लागि बजेटको अभाव हुन नदिने बताउँदै विश्वविद्यालय संचालनका लागि प्रदेश सरकार हरसम्भव प्रयासरत रहने प्रतिवद्धता व्यक्त गरे

सोही कार्यक्रममा सामाजिक विकास मन्त्री नवल किशोर साहले संघीयताको उपज कृषि विश्वविद्यालय भएको बताउँदै प्रदेशको कृषि क्षेत्रलाई अगाडी बढाउन सरकार कटिबद्ध रहेको जनाए ।

प्रदेश २ सरकारले कृषि विश्वविद्यालयको स्थापना तथा संचालनका लागि गत मंगलबार प्रदेश २ का नीति तथा योजना आयोगका पुर्व सदस्य डा. वैधनाथ

***बाँकी अन्तिम पृष्ठमा***

## जसपाको सप्तरी जिल्ला समन्वय समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

जनता सामाजवादी पार्टी नेपाल (जसपा) को सप्तरी जिल्ला समन्वय समिति गठन गरिएको छ ।

केदार प्रसाद यादवको अध्यक्षतामा २ सय १ समन्वय समिति गठन गरिएको हो । जसको उपाध्यक्षहरुमा हरेराम यादव, उमेश प्रसाद यादव, अबदुल हुसेन हक, सचिवमा हरेराम यादव, उपचिवहरुमा निलेश कुमार झा, शम्भु कुमार यादव, रामचन्द्र साह र कोषाध्यक्षमा वृजमान तामाङलाई चयन गरिएको छ ।

त्यस्तै कार्यकारिणी सदस्यहरु चित्तरन्जन यादव, निरज मुक्ति, रामेश्वर कौडरिया, राजेश्वर प्रसाद राय, विरेन्द्र माझी, कामेश्वार यादव, दिप नारायण यादव, सुचिता कुमारी यादव, सत्य नारायण मुखिया, मनोज कुमार यादव, लक्ष्मण यादव, त्रिलोकिनाथ चौधरी, दयानन्द गोईत, सुनित कुमार यादव, विनोद चौधरी, रामजी यादव लगायत रहेका छन् ।

## प्रदेश २ लोसपा जितेन्द्र सोनलको कमान्डमा

**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)को प्रदेश २ को कमान्डरसहित आठ वटै जिल्लाका अध्यक्ष मनोनित भएका छन् ।

पार्टीले प्रदेश २ को कमान्डरमा प्रदेशसभा सदस्य जितेन्द्र सोनललाई चयन गरेको छ ।

त्यस्तै सप्तरीको अध्यक्षमा सुनिलकुमार झा, सिरहाको अध्यक्षमा रामदयाल यादव, धनुषाको अध्यक्षमा परमेश्वर साह, महोत्तरीको अध्यक्षमा रामबाबु साह, सर्लाहीको अध्यक्षमा रामप्रसाद यादव, बाराको अध्यक्षमा नवल किशोर सिंह र पर्साको अध्यक्षमा पुरुषोत्तम झालाई मनोनयन गरिएको छ ।

## एमाले सप्तरीको इन्चार्जमा देवकोटा, सहइन्चार्जमा लेखी र गिरि

**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

नेकपा (एमाले) सप्तरी जिल्ला कमिटीको ईन्चार्जमा दिबाकर देवकोटालाई जिम्मेवारी दिइएको छ ।

पार्टीको आइतबार सम्पन्न केन्द्रिय बैठकले जिल्लाको सहईन्चार्जमा केन्द्रिय कमिटी सदस्यहरु राजकुमार लेखी र सरिता गिरिलाई जिम्मेवारी दिएको छ ।

यस्तै पार्टीले सातवटै प्रदेश कमिटीमा पदाधिकारी चयन गरेको छ । एमाले केन्द्रीय कमिटी बैठकले सात वटै प्रदेशको नेतृत्व परिवर्तन गर्दै नयाँ कार्य समिति चयन गरेको हो ।

प्रदेश नं २ को अध्यक्षमा रामअवतार यादव, उपाध्यक्षमा रेवती पन्त, सचिवमा डा कृष्ण पौडेल, उपसचिवमा फर्मुद नदाव र आरती भण्डारी चयन गरेको जनाएको छ ।

# सीप सिकेर आत्मनिर्भर बनौं : सामाजिक विकास मन्त्री साह




**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

प्रदेश २ का समाजिक बिकास मन्त्री नवलकिशोर साहले सीप बिना जीवन सहज नहुने बताउदै सीप सिकेर आत्मनिर्भर बन्नु पर्ने बताएका छन् ।

सोमबार राजबिराजमा व्यवसायिक तथा सीप तालिम केन्द्र प्रदेश २ धनुषा, जनकपुरधामद्वारा आयोजित सिपमूलक तालिम संचालन सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रममा मन्त्री साहले सो कुरा बताएका हुन् ।

उनले बैदेशिक रोजगारमा अधिकांश युवा सिप बिना बिदेश जादाँ समस्यामा पर्ने गरेकाले बिदेश जादाँ केही सीप लिएर गए जीवन सफल हुने बिश्वास ब्यक्त गरे । सप्तरी र सिरहामा सीप बिकास तालिमलाई सहज पुऱ्याउन प्राबिधिक तालिम केन्द्रको स्थापना गर्नुपर्नेमा उनले जोड समेत दिए ।

सिरहा र सप्तरीमा रोजगार अभिबृद्धि श्रृजना गरेर प्रदेशमा रोजगारको समस्या सामाधान गर्नका लागि सीपमूलक तालिम केन्द्र कार्यालयको स्थापना गर्न स्थानिय तहले प्रदेश सरकारसँग माँग गर्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा प्रदेश सभा सदस्य मनिष कुमार सुमनले सिरहा र सप्तरीका अधिकांश युवाहरू बिना सीप बिदेश जाने गरेकाले उनीहरूलाई आत्मनिर्भर सँगै समाजप्रति उत्तरदायी बनाउन सीप तालिम केन्द्रको स्थापना गर्नुपर्नेमा जोड दिए ।

उक्त अवसरमा सामाजिक बिकास मंन्त्रालयका सचिव भिम नारायण श्रेष्ठले आर्थिक बिकासको आधार सीपमूलक ब्यवसाय रहेकोले प्राबिधिक शिक्षा तालिमले स्वरोजगार सँग आत्मनिर्भर बनाउनेमा जोड दिनु पर्ने बताए ।

प्राबिधिक सीप तर्फ युवाहरूको रुचि बढी देखिएकोले बेरोजगारी, गरिबी, बैदेशिक रोजगार र कोभिडको समस्यालाई न्यून गर्न सीप तालिमले ठुलो टेवा पुग्ने उनको भनाई थियो ।

सामाजिक बिकास

***बाँकी अन्तिम पृष्ठमा***

# किसानका लागि बितरण गर्न राखिएको अनुदानको गहुँको बिऊ लुटिए

**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**



सप्तरीको छिन्नमस्ता गाउँपालिकामा किसानका लागि बितरण गर्न राखिएको अनुदानको गहुँको बिऊ आइतबार लुटिएको छ ।

अनुदानको गहुँको बिऊ आफ्नै केही कर्मचारी र जनप्रतिनिधिको मिलोमतोमा स्थानिय तथा भारतीय तिर्थयात्रुहरुले लुटेर लगेको गाउँपालिकाका अध्यक्ष सूर्यनारायण मण्डलले आरोप लगाएका छन् ।

अध्यक्ष मण्डलले गँहुको बिऊ निमित्त प्रशासकीय अधिकृत महेश कुमार शर्मा, वडा नं. ६ का अध्यक्ष बिरेन्द्र साह तथा उपाध्यक्ष उषाकुमारी मण्डललगायतको मिलोमतोमा गाहुको बिऊ लुटिएको दाबी गरे ।

अध्यक्ष मण्डलले गाउँपालिकाको शसर्त अनुदान अन्तरगत २० लाख रकम बराबरको उक्त बिऊ खरीद गरिएको जानकारी दिए । उनले

***बाँकी तीन पृष्ठमा***

## सम्पादकीय

# सीप सिकेर रोजगारी जाने तर्फ अग्रसर बनाऔं

सीप सिकेर मात्र कुनै रोजगारीमा जानेतर्फ अग्रसर बनाउन सबै सरोकारवाला निकायले जागरुक बनाउनु आवश्यक छ । गरीबी र रोजगारीको अभावका कारण नेपालबाट वैदेशिक रोजगारका लागि विदेशिनेहरुको संख्या बढ्दो छ । यसरी विदेशिनेहरुको संख्यामा दिनानुदिन वृद्धि हुँदैछ । तर, यसरी रोजगारीका लागि विदेशिनु सुरक्षित छ वा छैन भन्ने बारे विचार पुऱ्याउनु पनि उत्तिकै जरुरी छ । वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी लिएर नजाँदा एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा नभएका होइनन् । यी सबै समस्या सीप सिकेर नजानेका कारण हुने गरेको पाइएको छ ।

तर, अहिले आएर पर्याप्त सूचना र जानकारी प्राप्त गरेर वैदेशिक रोजगारीमा जाने गरेकाले ठगिने घटनामा भने न्यूनता आउन थालेको छ । विभिन्न स्थानिय तहले रेडियो श्रोता क्लव गठन भई यसबाट सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि छलफल गरिनुले विदेश जानेहरु यसबाट अत्यन्तै लाभ उठाएका छन् । विदेश पुगेर ठगिनुभन्दा वैदेशिक रोजगारी सम्बन्धि सम्पूर्ण जानकारी प्राप्त गरी रोजगारमा जानु उपयुक्त हुनेछ । यसका साथै वैदेशिक रोजगारीमा जाँदा दक्ष कामदारका रुपमा सीप सिकेर जानु अत्यन्त सही हुनेछ ।

तसर्थ कुनै पनि रोजगारीमा जानुपूर्व आफ्नो क्षमता अनुसारको सीप सिकेर जानु नै वेश हुन्छ । यसका लागि सम्बन्धीत निकायको यूवाहरुका लागि सीपमूलक कार्यक्रम ल्याएर क्षमता अभिबृद्धि गर्ने तर्फ ध्यान पुग्नु आवश्यक छ ।

# सरोकारवाला भन्छन् : खपत बढ्दै गए ऊर्जामा भएको लगानी जोखिममा पर्दैन

काठमाडौँ, २७ मङ्सिर (रासस) ।

नेपालको ऊर्जा क्षेत्रमा हालसम्म भएको लगानीको संरक्षण गर्दै थप विस्तारका लागि पनि आन्तरिक खपत बढाउँदै भारत र बङ्गलादेशमा समेत बिक्री गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

मुलुकको प्रणालीमा दुई हजार मेगावाट बराबरको बिजुली उपलब्ध हुँदा नै रातको समयमा खेर जानु तर खपतको मात्रामा गुणात्मक वृद्धि नहुनुले यस क्षेत्रमा भएको लगानी जोखिममा त पर्ने होइन भन्ने चिन्ता व्यक्त भइरहेको छ ।

ऊर्जा उद्यमीहरुका अनुसार हालसम्म नेपालको ऊर्जा क्षेत्रमा रु छ खर्ब बराबरको लगानी भएको छ । बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार निश्चित प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गरेका छन् । कूल जडित क्षमताको असाध्यै न्यून मात्रामा बिजुली उत्पादन हुँदा नै खेर जाने अवस्था आएपछि यस क्षेत्रमा लगानी गरिरहेका उद्यमी एवं सरोकारवालाले सबै क्षेत्रले सकारात्मक उद्देश्यका साथ पहल गरेका खण्डमा बजार विस्तार हुने बताउनुभएको हो । सरकारले नीतिगत व्यवस्था गर्दै सहज वातावरण बनाउने, निजी क्षेत्रले अवसरको खोजी गर्ने तथा अन्य निकायले आआफ्नो जिम्मेवारी पूरा गरेका खण्डमा आन्तरिक खपत पनि क्रमशः वृद्धि हुने र विदेशमा समेत बिक्री हुने उहाँहरुको भनाइ छ ।

देशभित्र विद्युतीय सवारी साधनको उपयोगमा वृद्धि, औद्योगिक क्षेत्रमा क्षमता विस्तार एवं हरेक घरमा विद्युतीय चुल्होको प्रयोगलाई बढावा दिएको खण्डमा आन्तरिक खपतमा उल्लेख्य वृद्धि हुन जान्छ । इपानका उपाध्यक्ष आशिष गर्गले त सबै क्षेत्रले सकारात्मक पहल गरेका खण्डमा आगामी तीन वर्षभित्र पाँच हजार मेगावाट बिजुली देशभित्रै खपत हुनसक्ने तथ्याङ्क नै पेश गरिसक्नुभएको छ । उहाँले उद्योग र घरायसीरुपमा दुई/दुई हजार मेगावाट र विद्युतीय सवारीको चार्जिङका लागि एक हजार मेगावाट बिजुली खपत हुन सक्ने बताउनुभएको थियो ।

आन्तरिकरुपमा बिजुलीको खपत बढ्दै नबढेको भने होइन । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार हरेक वर्ष २० देखि २५ प्रतिशतको दरमा आन्तरिकरुपमा बिजुलीको खपत बढेको छ । जबकी भारतमा त्यत्रो ठूलो जनसङ्ख्या हुँदासमेत वार्षिक पाँच प्रतिशतको हाराहारीमा मात्रै बिजुलीको खपत बढ्ने गरेको छ ।

कार्यकारी निर्देशक घिसिङले पछिल्ला दिनमा उद्योगमा नै १०० मेगावाट बराबरको लोड बढेको जानकारी दिनुभयो । "लोड क्रमशः बढ्दै जाने र एकैपटक बढी हाल्दैन, पछिल्ला दिनमा हामीले निरन्तर प्रयास गर्दा केही सफलता हासिल भएको छ । तर, यसमा सबैको साथ र सहयोग जरुरी छ", उहाँले भन्नुभयो ।

होङ्सी सिमेन्टमा ३० मेगावाट बराबरको क्षमता उपलब्ध भए पनि १० देखि १२ मेगावाट बराबर मात्रै बिजुली लिइरहेको छ । यस्तै हुवासिनले उद्योग चलाइहाल्ने भनेर चाडबाडका समयमा मर्स्याङ्दी काठमाडौं लाइन बन्द गरेर काम गरेर लाइन जोडिएको प्राधिकरणले जनाएको छ । अझै सो उद्योग पूर्णरुपमा सञ्चालनमा आउन केही समय लाग्छ ।

कार्यकारी निर्देशक घिसिङले हिउँदको पाँच महिनाको समय हामीलाई आन्तरिक बजार विस्तार गर्ने र वैदेशिक बजार खोज्नका लागि पर्याप्त समय उपलब्ध भएकाले सबैको साथ र सहयोग जरुरी रहेको बताउनुभयो ।

नवील बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल शाह ऊर्जा क्षेत्रमा भएको लगानीमा कुनै समस्या आउनेबित्तिकै त्यसको प्रभाव हरेक घर घरमा पर्ने बताउनुहुन्छ । राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले ऊर्जा क्षेत्रमा लगानी गरेको छ । बैंकमा रहेको पैसा निक्षेपकर्ताको हो । निक्षेपकर्ताको पैसामा समस्या आए त्यसले पर्ने प्रभाव असाध्यै ठूलो र दीर्घकालीन हुने प्रमुख कार्यकारी अधिकृत शाहको भनाइ छ ।

जलविद्युत् क्षेत्र धरासयी भए धान्नै नसकिने अवस्था आउने उहाँको चिन्ता छ । "सिमेन्ट उद्योग सबै टाट पल्टिँदा पनि बैंकलाई फरक पर्दैन । होटल सबै टाट पल्टिँदा पनि बैंकलाई फरक पर्दैन । तर जलविद्युत् क्षेत्र टाट पल्टिँदा भने बैंकिङ क्षेत्र नै धरासयी हुन्छ", उहाँले भन्नुभयो, "हिजो विद्युत् खपत कम गर भन्ने प्राधिकरण आज विद्युत् किनिदेउ भन्दै उद्योगको दैलोमा पुग्दैछ । यस अवसरलाई हामी सबैले सदुपयोग गरौ ।"

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपालका अध्यक्ष कृष्ण आचार्य कुनै समय नेपालमा विद्युत्भार कटौती अन्त्य भयो भने पानीमा डुबेर मर्छौ भन्ने मान्छे यही रहेको भन्दै हामी खपत गर्न सक्दैनौं भनेर अलमलिएका भन्दै योजना बनाउनुपर्ने बताउनुहुन्छ । "अहिले विद्युत्को युगमा हामीले डिजेलबाट चल्ने रेल ल्याएको भन्दै विद्युत् खपत बढाउने दिशामा सरकार गम्भीर भएन", उहाँले भन्नुभयो । निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति तत्काल दिनुपर्ने उहाँको भनाइ छ ।

नेपालका निजी क्षेत्रले भारतका निजी क्षेत्रसँग मिलेर बिजुलीको व्यापारका लागि मार्ग प्रशस्त गर्नसक्ने भन्दै उहाँले अनुमति दिने काममा ढिलाइ नगर्न आग्रह गर्नुभयो । भारत निर्यात गरिरहेको प्राधिकरणले आन्तरिकरुपमा नै आवश्यक परेकाले अघिल्लो सातादेखि बन्द गरेको छ । भारतबाट औसतमा ६० देखि ७० मेगावाट बराबरको बिजुली आयात भइरहेको छ ।

# कांग्रेस महाधिवेशन : 'पहिलोचरणमै सभापतिमा जित्ने दाबी'

काठमाडौँ, २७ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसको जारी १४औँ महाधिवेशनमा सभापतिका उम्मेदवारहरुले निर्वाचन प्रक्रियाको पहिलो चरणमै आफूले जित्ने दाबी गर्नुभएको छ ।

सोमबार यहाँ मतदानपछि पत्रकारसँग कुरा गर्दै सभापतिका उम्मेदवार प्रकाशमान सिंहले निर्वाचनको पहिलो चरणमै आफूले जित्ने दाबी गर्नुभयो । त्यसैगरी सभापतिका अर्का उम्मेदवार बिमलेन्द्र निधिले आफूले जित्ने प्रवल सम्भावना रहेको दाबी गर्दै १३औं महाधिवेशनमा सभापतिको लागि अरुलाई मतदान गरेपनि यस पटक सभापतिमा आफैले आफूलाई मतदान गर्न पाएकोमा उत्साह व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "१३औं महाधिवेशनमा अरुलाई नै मतदान गरेर छानेको थिए, यस पटक आफैलाई छानेको छु, त्यसैले उत्साही छु ।" सभापतिका उम्मेदवार निधिले आफूले पार्टी सभापतिमा जितेको खण्डमा देश र जनताको अधिकार, लोकतन्त्र र आर्थिक सम्बृद्धिका लागि अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले मतदान प्रक्रियामा क्लस्टर अनुसार मतपत्र भएकोले मतदान गर्न सजिलो भएको प्रतिक्रियासमेत दिनुभयो ।

अहिले केन्द्रीय पदाधिकारी र सदस्यको निर्वाचनका लागि भृकुटीमण्डमा मतदान जारी छ । राष्ट्रिय सभागृहस्थित मतदान केन्द्रबाट मतदान सुरु भएको हो । सोमबार बिहान ८ बजेदेखि मतदान सुरु हुने निर्वाचन तालिका रहे पनि प्राविधिक कारण ढिला सुरु भएको हो । पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार १३२ पदका लागि ४८७ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

कांग्रेस विधानअनुसार १६७ सदस्यीय कार्यसमितिमध्ये १३४ पदमा निर्वाचन हुने र बाँकी ३३ सदस्य केन्द्रीय सभापतिबाट मनोनित हुने व्यवस्था छ । कोभिड-१९ महामारीको सम्भावित जोखिमलाई मध्यनजर गर्दै मतदाताका लागि 'फुलबडी' स्यानिटाइजको व्यवस्था गरिएको छ । मतदानस्थल परिसरमा सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाइएको छ ।

भृकुटीमण्डमा जारी मतदानपछि पत्रकारसँग कुरा गर्दै उपसभातिका उम्मेदवार विजयकुमार गच्छदारले पार्टी सभापतिमा पहिलो चरणमै प्रधानमन्त्री शेरबहादुर देउवाले सभापति जित्ने दाबी गर्नुभयो । उहाँले मतदान ढिलो गरी सुरु भए पनि निर्वाचन समितिले छोटो समयमा प्रभावकारी व्यवस्थापन गरेको र सोमबार रातिसम्ममा मतदान गरेर सकिने जानकारी दिनुभयो । गृहमन्त्री तथा केन्द्रिय सदस्यका उम्मेदवार बालकृष्ण खाँडले प्रधानमन्त्री देउवाले पहिलो चरणमै पार्टी सभापतिमा जित्ने जिकिर गर्नुभयो ।

उहाँले भन्नुभयो,"सभापतिमा उहाँले जित्ने धेरै आधार छन् । पहिलो प्यानल बलियो छ र दोस्रो नेता कृष्णप्रसाद सिटौलाको समूह उहाँसँगै छ ।" उहाँले पार्टीलाई एक ढिक्का बनाउँदै राष्ट्रिय सहमतिका साथ सबै दललाई मिलाएर आम निर्वाचनमा लैजाने क्षमता सभापति देउवासँग मात्रै भएकोसमेत बताउनुभयो । निर्वाचनसम्म यही गठबन्धन रहिरहने उहाँको भनाइ छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, र आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ । कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्यमध्येबाट निर्वाचित हुने व्यवस्था छ । यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाति १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्गता भएका व्यक्तिबाट एक सदस्य गरी कूल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने विधानमा व्यवस्था छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# संसदको हिँउदे अधिवेशन : 'मुख्य एजेण्डा विधेयकमै केन्द्रित रहने'

काठमाडौँ, २७ मङ्सिर (रासस) ।

सभामुख अग्निप्रसाद सापकोटाले सङ्घीय संसद्को मङ्गलबारदेखि सुरु हुने नियमित हिँउदे अधिवेशन भएकाले त्यसको मुख्य एजेण्डा विधेयकमै केन्द्रित रहने बताउनुभएको छ ।

नयाँ बानेश्वरस्थित संसद् भवनमा अधिवेशनका लागि भएको तयारी जानकारी लिएपछि सञ्चारमीलाई संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले अधिवेशनका लागि समग्र व्यवस्थापनका पाटोबाट सबै तयारी पूरा भएको जानकारी दिनुभयो । सभामुख सापकोटाले भन्नुभयो,"सदन सहमतिका साथ अघि बढाउन मैले तटस्थ, स्वतन्त्र र निष्पक्षरुपमा संविधान र प्रतिनिधिसभाको नियमावलीमा टेकेर काम गर्न प्रतिबद्ध छु । यस सम्बन्धमा जनतालाई प्रष्ट पार्दै लगेको छु, कहीँकतै अस्पष्टता भएमा व्यवहार र कामबाटै प्रष्ट हुनेछ ।"

सदनमा दलकै भूमिका निर्णयक हुने भएकाले खेलमा अम्पायर जस्तै सभामुखका हैसियतले सदन सुचारु भएपछि समन्वय र सहजीकरणको भूमिका देखिँदै जाने बताउँनुभयो । उहाँले भन्नुभयो, "संविधान, कानूनले निर्दिष्ट गरेअनुरुप समन्वय र सहजीकरण गर्दै सदन अघि बढछ । प्राप्त भूमिका अनुसार कार्यव्यवस्था र दलको बैठक डाकेर सदन सुचारु गर्न हरसम्भव प्रहल र प्रयत्न हुनेछ ।" नेकपा (एमाले)का सांसद गणेश पहाडी स्वभाविकरुपमा हिँउदे अधिवेशनमा विधेयककै विषयमा केन्द्रित रहेर अघि बढ्नुपर्ने प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो,"हिउँदे भन्ने वित्तिकै विधेयक अधिवेशन हो, संसद्मा पहिलेदेखिनै धेरै विधेयक थुप्रेर बसेका छन् । ती विधेयकलाई टुङ्गोमा पुऱ्याउनपर्नेछ, संसद्मा टेबल भएका अरु विधेयकमाथि छलफल गर्न पर्नेछ ।"संसद् भोलिबाट सुरु हुन लागे पनि कार्यव्यवस्थाको बैठक बसेर प्रमुख प्रतिपक्षसँग सदन सञ्चालन गर्ने र एजेण्डा तय गर्ने भन्ने सन्दर्भमा कुनै सरल्लाह र छलफल नभएको बताउँदै नेता पहाडीले यस हिसाबले सत्तापक्ष फेरि पनि एकपक्षीय ढङ्गले सदन चलाउन खोज्छ कि जस्तो भान भएको प्रतिक्रिया दिनुभयो ।

संसदीय व्यवस्था भएका मुलुकमा संसद् भनेको प्रतिपक्षको हो भन्ने पक्षलाई हेक्का राख्न जरुरी भएको बताउँदै उहाँले भन्नुभयो,"सल्लाह र छलफलबिना अघि बढ्न खोज्यो भने स्वभाविकरुपमा समस्या आउछ, अघिल्लो अधिवेशन अवरुद्ध गरिरहेकै बेला स्थगित भएका हाम्रा एजेण्डा थाँति नै छन् ।"

सांसद पहाडीले सदनलाई कसरी नियमितरुपमा अघि बढाउने भन्ने सन्दर्भमा सत्तापक्ष र सभामुखले सहमतिका आधारमा नियमित तुल्याउन मुख्यरुपमा पहल र अग्रसरता लिनुपर्नेमा जोड दिनुभयो । राष्ट्रियसभा सदस्य रामनारायण विडारीले समयमा कानुन नबन्दा अनेकौ व्यवधान भएकाले संसद्को यो नियमित हिउँदे अधिवेशनलाई कानुन निर्माणमै केन्द्रित तुल्याउन आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अदालतले जनप्रतिनिधिको थलो संसद् क्रियाशील हुनुपर्छ भन्ने मान्यताकासाथ व्यूँत्याएकाले विधेयक पास गर्ने क्रममा सदन सक्रिय हुनुपर्छ, यसबीचमा जारी भएका अध्यादेशलाई पारित गर्नपर्छ ।"सदन सञ्चालन भए पनि मुलुकका जल्दाबल्दा विषय एमसिसी र न्यायालयलयसँग जोडिएर आएका प्रश्नका विषय छलफलका लागि स्वभाविक रुपमा प्रवेश पाउने बताउँदै राष्ट्रियसभा सदस्य विडारीले संविधानको मर्म र भावना अनुरुप कानुन निर्माणमै सदनलाई केन्द्रित तुल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले कोभिड-१९ को अहिले जोखिम कम देखिए पनि नयाँ भेरियन्टकाकारण उच्च स्वास्थ्य सुरक्षामा ध्यान दिइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मङगलबारदेखि प्रारम्भ हुने सङ्घीय संसद्को दुवै सदनको प्राविधिक, स्वास्थ्यमापदण्ड र सिट व्यवस्थापनलगायतका तयारीबारे सभामुखबाट अवलोकन भइसकेको छ । अधिवेशनका सबै तयारी पूरा भएको छ ।"

राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारको सिफारिसमा दुवै सदनको अधिवेशन मङ्ङगलबार दिनको २ बजे बस्ने गरी यही मङ्सिर १७ गते आह्वान गर्नुभएको थियो । यसअघि संसद् भवन परिसरमा सभामुख, राष्ट्रियसभा उपाध्यक्ष, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाललगायतले कोभिड-१९ एन्टिजेन परीक्षण गराउनुभएको थियो ।

# बयालीस अर्बको बाली तथा पशुपन्छी बीमा

विराटनगर, २७ मङ्सिर (रासस) ।

शासकीय तथा आर्थिक सुधारको निम्ति सरकारले लागू गरेको बाली तथा पशुपन्छी बीमाबाट कृषक लाभान्वित भइरहेका छन् ।

असी प्रतिशत सरकारले र २० प्रतिशत कृषकले बेहोर्ने बीमा शुल्कका कारण किसानले आफ्ना खेतबारीमा लगाइएको बाली र पालेका पशुपन्छीमा कुनै पनि किसिमको हानिनोक्सानी भएमा सरकारले क्षतिपूर्ति गर्ने व्यवस्थाबाट कृषकले मनोबल उच्च भइरहेको पाइएको छ । आफ्ना मेहनत, परिश्रम र लगानी खर्च भएको यस व्यवसायलाई अझ व्यवस्थित गर्न बीमा कम्पनीले आफ्ना योजनालाई सहज र सरल बनाउनुपर्ने कृषकको धारणा रहेको छ ।

विसं २०६९ माघ १ गते सरकारले लागू गरेको बाली तथा पशुपन्छी बीमा प्रारम्भमा रु ६२ करोडको बीमा भएको थियो भने आर्थिक वर्ष २०७७/७८ मा कूल रु ४२ अर्ब पुगेको र आउने वर्षमा करिब रु ५५ अर्ब पुग्ने अनुमान गरिएको छ । देशभरमा २० बीमा कम्पनीले कृषकको लाभमा काम गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ मोरङका प्रमुख विनोद मण्डलले जानकारी दिनुभयो– ।

निर्जीवन (कृषि तथा पशुपन्छी) बीमा कम्पनीसँग परियोजना एकाइ मोरङद्वारा आइतबार आयोजित अन्तर्क्रिया कार्यक्रममा कृषकले आफ्ना बाली र पशुपन्छीको बीमा गरेर आर्थिक भार बेहोर्नेबाट बच्नुपर्ने सहभागीले जोड दिएका छन् । कार्यक्रममा किसान कोपिन्द्र सिंह, सोहनलाल राजवंशीले सरकारले लागू गरेको बीमा योजनामा बीमा कम्पनीले आलटाल गर्ने, झन्झट लगाउने र प्रक्रिया पूरा नभएको भनेर धेरै पटक कार्यालय धाउन बाध्य पार्ने गरेको गुनासो गर्नुभयो ।

सो अवसरमा जिल्ला समन्वय समिति मोरङका संयोजक नरेशकुमार पोखरेलले सरकारले लागू गरेको बीमा योजनाबाट आम कृषकले लाभ लिन ऐन, निर्देशिका र कार्यविधिको पनि अध्ययन गर्नुपर्ने सुझाव दिनुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वय एकाइ मोरङका प्रमुख विनोद मण्डलले बीमा टाठाबाठालाई मात्र नभएर सर्वसाधारण कृषकको लागि पनि भएकाले यसतर्फ बीमा कम्पनीको ध्यान जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ कृषि प्रसार अधिकृत शिवकुमार मण्डलले कृषि बाली तथा पशुपन्छी बीमा सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने परियोजना झापाका प्रमुख रवीन्द्र सुवेदी सानीमा इन्सुरेन्स कम्पनीका प्रवीण कोइराला, वरिष्ठ कृषि अधिकृत हिक्मत श्रेष्ठ, बीमा कम्पनीकै खड्ग श्रेष्ठले पनि बाली तथा पशुपन्छी बीमाका उपादेयताबारेमा प्रकाश पार्नुभएको थियो ।

### *किसानका लागि ...*

गाउँपालिका नजिकै रहेको छिन्नमस्ता मन्दिरको धर्मशालाको कोठामा राखिएको बिऊ ताला तोडेर केही स्थानिय र भारतीय तिर्थयात्रीहरुले लुटेर लगेको बताए । बिऊ लुटिएको खबर पाएपछि आफूले जिल्ला प्रहरी कार्यालयमा खबर गरे लगत्तै आएको प्रहरी टोलीले केही बोरा बिऊ बरामद गरेको जानकारी दिए ।

यता गाउँपालिका निमित्त प्रशासकीय अधिकृत शर्माले ती गहुँको बिऊ गाउँपालिकाले खरीद नगरेको जनाएका छन् । उनले उक्त गहुँको बिऊ कसले खरीद गरेर ल्याएको बारे आफूलाई थाहा नभएको स्पष्ट पारे ।

स्थानियका अनुसार ५ सय २५ बोरा मध्ये १ सय जति बोरा केही स्थानियले लुटेको तथा बाँकी रहेका बोरा जनप्रतिनिधि र कर्मचारीको मिलोमतोमा लुकेर बिक्रि गरेका छन् । उनीहरुले छिमेकी मुलुक भारतमा समेत गहुँको बिऊ बिक्रि गरिएको आरोप लगाएका छन् ।

# विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रियको लेटर प्याड दुरुपयोग गर्दै विज्ञप्ति

काठमाडौँ, २७ मङ्सिर (रासस) ।

विश्व हिन्दू महासङ्घ अन्तर्राष्ट्रिय समितिको लेटर प्याडमा हस्ताक्षरविना विज्ञप्ति जारी गरिएको भन्दै नयाँ विवाद सुरु भएको छ ।

महासङ्घ अन्तर्राष्ट्रिय समितिको महासभा बैठक मङ्सिर २४ र २५ गते आयोजना गरिएको थियो । समितिको विधानअनुसार महासभा बैठक संस्थाको सर्वोच्च निकाय हो । जसले आगामी कार्यकालको लागि नयाँ नेतृत्व छनोट गर्छ । निश्चित सदस्यलाई मात्र खबर गरी नयाँ नेतृत्व हत्याउने उद्देश्यले गुपचुपरुपमा महासभा बैठक गरिएको भन्दै एक पक्षले विरोध गरेको छ ।

बैठकमै उपस्थित दुई पक्षबीचमा पनि महासचिव अस्मिता भण्डारी र कार्य समिति सदस्य किशोरकुमार गौतमपक्षबीच भावी अध्यक्षको विषयलाई लिएर विवाद भएको थियो । विवादपछि कार्यवाहक अध्यक्ष चक्रबन्धु अर्यालले आइतबार जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई पत्र लेख्दै असहज परिस्थितिका कारण महासभा बैठक हाललाई स्थगित गरी उपयुक्त समयमा गर्ने उल्लेख गर्नुभएको छ ।

महासचिव पक्षले भने नयाँ नेतृत्व छनोट गरेको भन्दै लेटरप्याडको दुरुपयोग गरी हस्ताक्षरविनाको विज्ञप्ति निकालेको भन्दै महासङ्घका सदस्यले विरोध गर्न थालेका छन् । भण्डारी पक्षले निकालेको विज्ञप्तिमा महासङ्घ अन्तर्राष्ट्रिय समितिको भारत शाखाले समर्थन गरेको उल्लेख छ । भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको समेत भण्डारीलाई नै समर्थन रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

महासङ्घ भारतका महामण्डलेश्वर योगी अलखनाथ उद्घाटन कार्यक्रमको प्रमुख अतिथि रहनुभएको थियो । उहाँले उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको समर्थन भण्डारीलाई रहेको मन्तव्य व्यक्त गरेपछि गौतम पक्षका मानिस प्रमुख अतिथिप्रति खनिएको दाबी गर्दै हस्ताक्षरविनाको विज्ञप्ति निकालिएको छ ।

## विश्व समाचार

### साउदी सेनाद्वारा यमनमा हवाई कारबाही जारी, २०० हुथी विद्रोहीको मृत्यु

रियाद, २७ मङ्सिर (रासस/सिन्ह्वा) ।

यमनको मध्य क्षेत्रीय प्रान्त मारिबमा साउदी अरेबिया नेतृत्वको सैन्य समूहले गत शनिबारदेखि निरन्तर रुपमा कारबाही जारी राखेको छ । सो हवाई कारबाहीमा परेर कम्तीमा पनि २०० जना हुथी विद्रोहीहरु मारिएका बताइएको छ । शनिबारदेखि यहाँको मारिब प्रान्तमा सायदी सेनाले निरन्तर रुपमा कारबाही जारी राखेको बताइएको छ ।

उक्त सेनाले गरेको कारबाहीका क्रममा कम्तीमा पनि १९० जना हुथी विद्रोहीहरुको ज्यान गएको साउदी ऐरबियाको सरकारी प्रेसले शनिबार जनाएको थियो । तर आइतबार यसमा बृद्धि भएको छ । सो कारबाहीमा परेर कम्तीमा पनि २०० जनाको ज्यान गएको र अरु कैयौँ घाइते भएका यमनको सरकारी सेनाले आइतबार साँझ पुष्टी गरेको जानकारी दिएका छन् । यमनमा साउदी अरेबियाको नेतृत्वमा रहेको सेनाले विगतदेखि नै हुथीका विरुद्धमा कारबाही गर्दै आएको छ ।

उक्त सैन्य समूहमा यमनी सेना पनि रहने गर्दछन् । मारिब क्षेत्रमा ठूलो संख्यामा हुथी विद्रोहीहरु रहेको सूचनाको आधारमा सो आक्रमण गरेको थियो । साउदी सेनाको नेतृत्वको हवाई सेनाले शनिबारदेखि नै सो क्षेत्रमा हमला गरेका हुन् । शनिबारदेखि कम्तीमा पनि ३६ ओटा साना ठूला आक्रमणहरु गरेको पाइएको छ ।

शनिबारको सो आक्रमणका क्रममा हुथी विद्रोहीहरुका कम्तीमा पनि २१ ओटा आश्रयस्थल र केही सवारी साधनहरु ध्वस्त पारिदिएको बताइएको छ ।

साउदी अरेबियाले इरान समर्थित हुथी विद्रोहीविरुद्ध सन् २०१४ देखि हवाई आक्रमण गरिरहेको छ । यमनको गृहयुद्धका कारण हजारौंको ज्यान गइसकेको छ भने लाखौं विस्थापित छन् ।

### दक्षिण अफ्रिकी राष्ट्रपतिलाई कोभिड सङ्क्रमण

जोहानेस्बर्ग,२७ मङ्सिर (रासस/सिन्ह्वा) ।

दक्षिणी अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसालाई कोभिड १९ को संक्रमण भएको छ । उहाँले कोभिड सङ्क्रमण भएपछि उपचार गराइरहनुभएको छ ।सो कुरा दक्षिणी अफ्रिकी राष्ट्रपतिको कार्यालयले जानकारी दिएको छ । सिरिल रामाफोसाले उपचार गराइरहनुभएको आइतबार राति सो कार्यालयले जनाएको छ ।

उहाँले यसअघि नै कोरोना भाइरसविरुद्धको खोप दुई डोज लगाउनुभएको थियो । यसकारण उहाँलाई धेरै समस्या नभएको बुझिएको छ । तर पनि सैन्य अस्पतालका वरिष्ठ चिकित्सकहरुको निगरानीमा उहाँ रहनुभएको बताइएको छ ।हालैमात्र कोरोनाको घातक भनिएको ओमिक्रोन भाइरस दक्षिण अफ्रिकामा नै पत्ता लागेको थियो । यो भाइरस संसारका धेरै देशमा पुगेको छ ।

तर उहाँलाई ओमिक्रोन हो कि होइन भन्ने बारेमा भने केही बताइएको छैन । ओमिक्रोन दक्षिण अफ्रिकामा पाइएको भनेपछि अहिले विश्वका कैयौँ देशले दक्षिण अफ्रिकाका विरुद्धमा यात्रा प्रतिबन्ध लगाएका छन् ।

### भारतमा थप सात हजार ३५० कोरोना सङ्क्रमित

नयाँदिल्ली, २७ मङ्सिर (रासस/एएनआइ) ।

भारतमा गत २४ घण्टामा सात हजार ३५० जनामा कोरोना सङ्क्रमण देखापरेको छ । यसै अवधीमा कोरोना सङ्क्रमणबाट २०२ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी दिएको छ । भारतमा अझै पनि ९१ हजार ४५६ जना सक्रिय सङ्क्रमित रहेका सो मन्त्रालयले सोमबार जनाएको छ । यो संख्या ५६१ दिनयताको नै सब भन्दा कम भएको पनि समाचारमा जनाइएको छ । सक्रिय सङ्क्रमितको यो संख्या कूल सङ्क्रमतिको १ प्रतिशत भन्दा कम भएको जनाइएको छ ।

सक्रिय सङ्क्रमितको यो संख्या ०.२६ प्रतिशत रहेको समाचारमा जनाइएको छ । यो संख्या सन् २०२० मार्चपछिको सब भन्दा कम हो । भारतमा कोरोना शुरु भएबाट हालसम्म चार लाख ७५ हजार ६३६ जनाको कोरोना सङ्क्रमणको कारण मृत्यु भएको छ । गएको २४ घण्टामा भारतमा सात हजार ९७३ कोरोनाबाट मुक्त भएका छन् । यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४१ लाख ३० हजार ७६८ लाई कोरोनाको सङ्क्रमण निको भएको छ । भारतमा कोरोना भाइरस निको हुने दर ९८.३७ प्रतिशत रहेको जनाइएको छ । यो सङ्ख्या सन् २०२० को मार्चपछि सबभन्दा बढी भएको सामाचारमा जनाइएको छ ।

भारतमा कोरोना शुरु भएदेखि हालसम्म ६५ करोड ६६ लाख व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म एक अर्व ३३ करोड १७ लाख डोज खोप लगाइएको जनाइएको छ ।

# रुपनीमा शिवशनि मन्दिरको शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

सप्तरीको रुपनी गाउँपालिका वडा नं. ४ स्थित भथौलमा सोमबार शिवशनि मन्दिरको शिलान्यास गरिएको छ ।

गाउँपालिकाको ३ लाखको लागतमा निर्माण हुन लागेको सो मन्दिरको प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह र प्रदेश २ कै आम सञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले संयुक्त रुपमा शिलान्यास गरेका हुन् ।

सो अवसरमा मन्त्री साहले प्रदेश २ का ८० प्रतिशत जनता कृषिमै निर्भर रहेकाले आफू कृषि मन्त्री हुँदाको प्रयासका कारण राजविराजमा कृषि विश्वविद्यालयको अवधाराणा ल्याएको स्पष्ट पारे ।

कार्यक्रममा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले वर्षायाममा एम्बुलेन्स समेत पुग्न नसकिने भएकोले बाटो निर्माणका लागि पहल गरि दिन मन्त्री साह संग आग्रह गरे ।

गाउँपालिकाका अध्यक्ष हरेराम यादवले रुपनी गाउँपालिकाको वडा नं. २ पौंवा देखि वडा नं. ४ छपकी भथौल सम्मको बाटो निर्माणमा सहयोग गरिदिन मन्त्री साहसंग आग्रह गरे ।

यसैबीच मन्त्री साहले वडा नम्बर ४ स्थित आधारभूत विद्यालय छपकी भथौलको निरिक्षण पनि गरे ।

# समाजमा विद्यमान असमानता हटाउन सबै तहका सरकारको प्रभावकारी कार्यान्वयन आवश्यक



**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहिर ठाकुरले समाजमा विद्यमान असमानता हटाउन सबै तहको सरकारले कार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

७३औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसरमा राष्ट्रिय मानवअधिकार आयोग प्रदेश नं. २ र तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सोमबार तिलाठीमा आयोजित पाँचौ राष्ट्रिय कार्य योजना छलफल कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् ।

समाजमा कायम असमानता हटाउन सयौं बर्षदेखि प्रयास भईरहेको बताउँदै उनले यसका लागि हरेक नागरिकको मानवअधिकार प्रत्याभूतिका लागि राजनीतिक प्रतिबद्धता समेत जरुरी रहेको बताए ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले आफूहरु जनताको मानवअधिकारको प्रत्याभूतिका लागि हरसम्भव प्रयासरत रहेको बताए ।

तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहको अध्यक्षतामा आयोजित कार्यक्रममा उपाध्यक्ष सुचिताकुमारी यादव, वडा अध्यक्ष खगेन्द्र मण्डल लगायतकाले मन्तब्य ब्यक्त गरेका थिए ।

सोही कार्यक्रममा गाउँपालिका अध्यक्ष सिंहको अध्यक्षतामा मानवअधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिति गठन गरिएको छ ।

### *सीप लिएर ...*

मंन्त्रालयका सचिव भिम नारायण श्रेष्ठको अध्यक्षतामा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रदेश सभा सदस्य नेत्रबिक्रम साह, राजबिराज नगरपालिका नगरप्रमुख शम्भु प्रसाद यादब, सीप तालिम केन्द्रका प्रमुख तुलसी राम घिमिरे, सीप बिकास शाखा प्रमुख शिव घिमिरे लगायतले सिरहा र सप्तरीमा तालिम केन्द्र कार्यालयको स्थापना गर्नुपर्नेमा आ-आफ्नो सुझाव दिएका थिए ।

### *राजविराजमा प्रदेश २ ...*

महतोलाई उपकुलपतिमा नियुक्त गरेको थियो । डा. महतो कृषिका अव्वल वैज्ञानिक हुन ।

प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले गत कार्तिक २३ गते प्रदेश प्राविधिक विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश कृषि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गरेका थिए । सो अध्यादेशमार्फत प्रदेश २ को कृषि विश्वविद्यालय सप्तरी सदरमुकाम राजविराजमा स्थापना गर्ने निर्णय गरिएको थियो ।

# दुई विद्यालय भवन निर्माणका लागि मनपरी ढंगले उपभोक्ता समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, २७ मंसिर ।**

सप्तरीको महादेवा गाउँपालिका १ स्थित दुई वटा विद्यालयमा भवन निर्माण कार्यको लागि उपभोक्ता समिति मनोमानी ढंगबाट बनाउने गरिएको खुलासा भएको छ ।

महादेवा गाउँपालिका १ स्थित नरबहादुर थापा जनता मा.वि. पकरीगोठ सोनरा र सोनरा राष्ट्रिय प्राथमिक विदालय सोनरामा प्रदेश २ का सामाजिक विकास मन्त्रि नवल किशोर साहको संसदीय विकाश कोषवाट ८० लाखको ४ कोठे भवन उपभोक्ता समितिको सूचना स्थानिय संचार मिडियामा प्रकाशन तथा प्रसारण नगरी गोप्य रुपमै आफ्नो आफन्त नाता गोता पार्टीका कार्यकर्ता लगायतलाई राखेर बनाउने गरिएको पाइएको छ ।

दुबै विदालयमा ८० लाखको भवन निर्माणको लागी स्थानिय संचार गृहको मिडियाहरुमा कुनै किसिमको सूचना प्रकाशन तथा प्रसारण नगरी गोप्य ढंगबाट उपभोक्ता समिति निर्माण गरिएको स्थानियले बताएको छ ।

मन्त्रि साहको संसदीय विकाश कोषवाट पकरी माविमा २ कोठे भवनको लागी ५० लाख र सोनरा राप्राविको लागी ३० लाखको २ कोठे भवन उपभोक्ता समितिमा कार्यकर्ता, आफना नातेदार, आफन्तलाई उपभोक्ता समितिमा राखेको स्थानिय उपभोक्ता विधानन्द यादवले आरोप लगाए ।

गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामलखन यादवले उपभोक्ता समिति गठन प्रकृया लगायत अन्य कुराहरुवारै गाउँपालिकामा कुनै किसिमको जानकारी नरहेको सञ्चारकर्मीलाई बताए ।


प्रकृति सकिए जीवन सिद्धिन्छ ।

त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं ।

वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
prabhu Bikas Bank
Hello PAiSA
prabhu CO-OPERATIVE SERVICE
IME International Money Express
himal remit
हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP
CG money easy छ्नि

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*